पालुङको सम्पदालाई 'प्लाष्टिकको छानो' । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय: थाहा नगरपालिका-४ मकवानपुर
सम्पर्क नं. ९८०७१५३३००
इमेल: bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-०७ ● २०८० भाद्र ११ गते सोमबार, ● 28 Aug., 2023, ● नेपाल सम्वत्-११४३, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहानगरमा 'कृषि क्रान्ति'



विकास संवाददाता
थाहानगर

केही दिन अघि थाहानगर उद्योग वाणिज्य संघले थाहा नगरपालिकामा आयोजना गरेको कार्यक्रममा अतिथिहरूलाई तरकारी उपहार दिइयो। धेरैलाई लाग्नसक्छ, वाणिज्य संघले पाहुनालाई अपमान गरेर तरकारी बाँढ्यो । महासंघको यो अभियानपछि थाहा नगरपालिकाले कृषिमा प्राप्त गरेको सफलता थाहा पाएर तपाईले पक्कै जिब्रो टोक्नुहुन्छ। मकवानपुरमै कृषि क्रान्तिमा अब्बल थाहानगरका कृषकले गत आर्थिक वर्षमा मात्र १ करोड रूपैयाँ तरकारी बेचेरै कमाए ।

नगरपालिकाको कृषि शाखाको तथ्यांकले भन्छ, यहाँका १२ वडाका कृषकले आलु बेचेर मात्र गत वर्ष ४५ करोड रूपैयाँ कमाए । यसपटक यो रकम दोब्बर पार्ने अभियानसहित कृषकहरू खेतबारीमा पसिना बगाइरहेका छन् । हालै नगरपालिकाले वेभसाइटमा एउटा सूचना जारी गरको छ । सूचनाअनुसार नगरपालिकाले तरकारी खेतीका लागि ५५ वटा वटा टनेल बनाउन ६० लाख ७५ हजार रूपैयाँ बजेट दिने घोषणा गर्दै पालिकाभित्रका कृषक समूह र फार्महरूलाई निवेदन आह्वान गरेको छ ।

इच्छुक कृषकले टनेल खेतीका लागि नगरपालिकाबाट कुल लागतको ५० प्रतिशत अनुदान पाउने छन् । यसो गर्दा नगरले दिएको अनुदान रकमसहित कृषकहरूले खेतीका लागि टनेल र थोपा सिंचाइका लागि समेत गरेर १ करोड २१ लाख ५० हजार रूपैयाँ कृषिजन्य उत्पादनका लागि लगानी गर्नेछन् । यो लागतअनुसारको प्रतिफल प्राप्त हुँदा गरभित्रका कृषकले एउटै टनेलबाट गतवर्षको भन्दा दोब्बर आम्दानीको लक्ष्य सजिलै भेटन सक्छन् ।

यो कार्यक्रमका लागि नगरपालिकाले ५० प्रतिशत अनुदान दिने र त्यसका लागि ३० दिन भित्र रितपूर्वक निवेदन दिनुपर्ने नगरप्रमुख विष्णुबहादुर विष्ट बताउँछन् ।

नगरपालिकाले कृषि क्रान्तिका लागि यसवर्षबाट एउटा कार्यक्रम ल्याएको छ– मेयर वडास्तरीय तरकारी पकेट प्याकेज कार्यक्रम । १२ वटा वडाका ३ स्थानमा संचालन गरिने यो कार्यक्रमका लागि नगरपालिकाले ३६ लाख रूपैयाँ बजेट छुट्याएको छ । यो कार्यक्रम संचालन गर्न नगरपालिकाले तरकारी पकेट कार्यक्रम संचालन निर्देशिका बनाएको छ । जुन निर्देशिकाको अधिनमा रहेर यहाँका कृषक समूह, कृषि सहकारी, कृषक फार्म र कृषक कम्पनीले प्रस्ताव पेश गर्नेछन् । यी प्रस्तावमध्येबाट छानिएका ३ वटाले वडास्तरीय तरकारी पकेट कार्यक्रम संचालन गर्न पाउनेछन् । र यो कार्यक्रममा नगरले दिएको बजेटबाट बिउ, टनेल, मलखादलगायत खरिद गर्न पाइने नगरपालिकाको भनाइ छ ।

नगरपालिकाले यसवर्ष कृषकहरूलाई चिप्स आलुको विउ उत्पादनका लागि ५० प्रतिशत अनुदानमा अर्को कार्यक्रम पनि अघि सारेको छ । चिप्स आलु बिउ उत्पादन कार्यक्रम नाम दिइएको यो कार्यक्रममा मात्र नगरपालिकाले १३३ रोपनी जग्गामा खेती गर्नका लागि ५ लाख रूपैयाँ अनुदान दिदै छ । यसमा सहभागी भएर अनुदानसहितको लाभ लिन कृषक समूहहरूले नगरपालिकाको कृषि शाखामा रितपूर्वक निवेदन दिनुपर्ने र छानिएका समूहलाई ५ वर्ष आलुको बिउ उत्पादन चक्रमा समावेश गराएर अनुदान दिइने छ ।

कृषिमा अब्बल काम गरिरहेको थाहा नगरपालिकाले हरेक वर्ष किन कृषि उत्पादनमा लगानी वढाउँदै छ त ? कृषि विकास अधिकृत सञ्जय तिवारीको सूचना विश्लेषणले भन्छ–थाहाका कृषक मिहिनेती मात्र छैनन्, नगरपालिकालको अनुदान नीति पनि तरकारी उत्पादनका लागि



कृषकका लागि बरदान सावित हुँदैछ । सञ्जय तिवारीले हामीलाई दिएको जानकारी अनुसार गतवर्षका कृषि कार्यक्रम (जुन यसवर्ष पनि निरन्तर छन्) का कृषकले लाभ मात्र लिएका छैनन, देशभरका उपभोक्ताले थाहानगरको कृषि उत्पादनको स्वाद पनि चाख्न पाएका छन् ।

गत वर्ष खेती गर्ने कृषकलाई टनेल बनाउन नगरपालिकाले ५० प्रतिशत अनुदान दिएर टनेल बनाउने प्रयोजनका लागि मात्र १८१ टन प्लाष्टिक बितरण गरेको छ । मल्चिङ प्लाष्टिक मात्र ५५६ रोल वितरण भएको देखिन्छ । ५० प्रतिशत अनुदानमा २१६ वटा विषदी छर्कने मेसिन वितरण गरेको नगरपालिकाले नमूना टनेल कार्यक्रम पनि संचालन गरेको छ । नगरपालिकाले वडा नम्बर १, २, ३, ६ र १० का कृषकलाई ९० रोपनी जमिनमा टनेल बनाउन सहयोग गर्यो । जसका कारण ५ वडाका कृषकले ९० रोपनी जग्गामा टनेल बनाएर तरकारी उत्पादन गरे ।

नगरपालिकाले ५० प्रतिशत अनुदान दिएर १२३ वटा हाते ट्र्याक्टर बितरण गर्यो । कृषकका लागि ७५ प्रतिशत अनुदान दिएर २ हजार ४१७ केजी कृषि चुन पनि उपलब्ध गरायो । ५० प्रतिशत अनुदानमै थोपा सिचाइ कार्यक्रममार्फत २४ कृषक समूहले अनुदान पाए । मकैको हाइब्रिड बिउमात्र नगरपालिकाले ५०


*बाँकी पेज ६ मा*

## पालुङको नारायण मन्दिरमा दुर्लभ मूर्ति

◆ विकास संवाददाता

थाहानगर पालुङको एउटा नारायण मन्दिरमा थप अर्को ऐतिहासिकता पत्ता लागेको छ । उपत्यका बाहिरको ऐहिासिक चार नारायण अन्तर्गतको शेषनारायणको नामले पुज्दै आएको मन्दिरमा थप रहस्यमय इतिहास पत्ता लागेको हो ।

पुरतत्व विभागले गत आर्थिक वर्षमा मात्र मर्मत र रंगरोगन गरेको उक्त मन्दिरको मुर्ति नेपालकै दुर्लभ भएको पुष्टि गरेको छ । त्यत्तिमात्र नभई मुर्ति दुई रूप धारण गरेकोले यो धार्मिक इतिहासको पनि दुर्लभ मध्येको एक भएको प्रतिक्रिया दिएको छ । मन्दिरमा रहेको मुर्तिमा एकापट्टी महादेव र अर्कापट्टी विष्णुको रूपमा रहेको छ । पुरातात्विक महत्व बोकेको यस मन्दिरको नारायणलाई 'हरिहर नारायण' भनिने नेपालमा पुरातात्विक विषयमा विद्यावारिधी गर्दै



गरेको चन्द्रमान मुनिकारले बताए । 'हरि भनेको विष्णु र हर भनेको महादेव हो, यस्तो मुर्ति विरलै छन् नेपालमा' –मुनिकारले भने । उनले मन्दिर परिसरमै आएर उक्त मुर्तिको अध्ययन गरेका थिए ।

मुर्तिको आधा गलामा रूद्राक्षको माला देखिन्छ भने आधा गलामा देखिँदैन । चार वटा हात रहेको छ । दुई भिन्दाभिन्दै हातमा त्रिसुल र शंख समाएको मूर्तिमा देखिन्छ । मन्दिर अघि बसाह रहेको छ ।



# • सम्पादकीय •

## भ्रष्टाचारप्रति कठोर बन

नेपालमा केही दिनदेखि सतहमा आएको भ्रष्टचारका सवालहरु हेर्दा मुलुकमा हदैसम्मको काम हुने रहेछ भन्ने कुरा प्रष्ट भएको छ । प्रशासनिक र राजनीतिक नेतृत्वको उच्च तहमा बसेका व्यक्तिहरु कतिसम्म भ्रष्ट र अनैतिक भइसकेका रहेछन् भन्ने कुराको दृष्टान्त खुलासा भएको छ । राजनीतिक र प्रशासनिक क्षेत्रको नेतृत्वमा रहेका केही व्यक्तिहरु यतिबेला जेलको हावा खाइरहेका छन् भने केहीको निद्रा भंग भएको छ । यसबीचमा केही भ्रष्टहरुलाई बचाउने चलखेल भयो भनेर सरकारको आलोचनासमेत भइरहेको छ । कुनै पनि भ्रष्टलाई उन्मुक्ति दिनुहुँदैन भन्ने सदाशयताका साथ उठाइएका आवाजहरुलाई सम्मान गर्नु नै पर्छ । तर बाहिर एउटा कुरा, भित्र अर्कै कुरा गर्ने प्रवृत्ति कदापि हुनुहुँदैन । त्यसो गर्नेहरु भ्रष्टाचारको संरक्षक नै हुन् । सामान्यतः भ्रष्टाचार भन्नाले गलत एवं अनियमित तरिकाले गरेको लेनदेन, घुस, रिश्वत वा आर्थिकसँग जोडिएको अवैध सम्पत्ति वा लेनदेनलाई मात्र बुझ्ने आम बुझाइ छ । तर यो व्यक्तिको आचरण र व्यवहारसँग पनि जोडिएको हुन्छ ।

नेपालमा यस प्रकारको भ्रष्टाचार संस्थागत जस्तै भइसकेको छ भन्न संकोच मान्नुपर्दैन । भ्रष्टाचार भइरहने तर भ्रष्टाचारीहरुमाथि कुनै कारवाही नहुने लामो श्रृंखला छ– नेपालमा । यसले राष्ट्रलाई खोक्रो पारिसकेको छ भने केही सीमित मुठ्ठीभर व्यक्तिहरुसँग गलत तरिकाले आर्जेको अथाह सम्पत्ति एवं दौलत छ । सामान्य नागरिकले जीवन निर्वाह गर्नकै लागि धेरै दुःख कष्ट व्यहोर्नु परेको छ । उनीहरुले गरिखाने वातावरण समेत बन्न सकेको छैन । नेपालमा विगतमा भ्रष्टाचारका ठूला–ठूला काण्डहरु भए तर अख्तियारदेखि अदालतसम्म हुने सेटिङका कारण केही अपवादबाहेक अधिकांश दोषीहरुले उन्मुक्ति पाएका छन् । यी घटनाका दोषीहरुले सजाय पाएनन् भने नेपाली समाजमा भ्रष्टाचार र दण्डहीनता अझ बढेर जाने निश्चित छ । नेपालमा भ्रष्टाचार बढ्दै जानुको एउटा कारण भ्रष्टाचार नियन्त्रण गर्नका लागि बनाइएका संयन्त्रहरुलाई कमजोर बनाइएकोले पनि हो । यस सम्बन्धी सबैभन्दा महत्वपूर्ण जिम्मेवारी पाएको संस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग हो । तर यो संस्थाले उजुरीका आधारमा तल्लो तहका सीमित कर्मचारीहरुलाई समाउने भन्दा अर्को कुनै काम गर्न सकेन । अख्तियारका प्रमुख आयुक्त र अन्य आयुक्तहरुकै विषयमा बेला–बेलामा भ्रष्टाचार सम्बन्धी प्रश्नहरु उठ्ने गर्दछन् । तर उनीहरुमा कुनै नैतिकता बोध नहुँदा यससम्बन्धी प्रश्नहरु त्यत्तिकै सेलाउँछन् । नक्कली भुटानी शरणार्थी प्रकरण हुँदै सुन काण्ड, ललिता निवास प्रकरणसम्म आइपुग्दा उच्च नेतृत्व र सरकारी अधिकारीको संलग्नता यतिधेरै छरपष्ट भएको छ कि हाम्रो राज्य संयन्त्र नै भ्रष्ट देखिएको छ ।

भ्रष्टाचारविरुद्ध सरकारलाई दृढ भएर अघि बढ्न दबाब दिन नागरिकहरु खबरदारी गर्दै सडकमा पुग्न थालेका छन् । सरकार, नागरिक सबै जो आफूलाई लोकतन्त्रका पक्षधरहरु सबैले बुझ्नै पर्ने कुरा के हो भने कानुनको शासन कमजोर भयो भने लोकतन्त्रको प्राण मर्छ । त्यसैले भ्रष्टहरु जुनसुकै पार्टीका होऊन, कानुन बमोजिम सजाय पाउनुपर्छ । भ्रष्टाचारप्रति नागरिक समाज, दलहरु, सरकार, अदालत कठोर बन्नैपर्ने हुन्छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | |
|---|---|
| विहान ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान ८:०० | बजे हेटौडा (बस) |
| विहान ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# नेपालको विकास र समृद्धिका बाधकहरु



◆ पुष्करकुमार अधिकारी

नेपाल १०४ वर्ष लामो जहानीया राणा शासनबाट मुक्ति भएको समयको लगभग हाराहारीमा भारत, चीन, आसियन राष्ट्र, कोरिया भियतनाम, इन्डोनेसिया, जापानजस्ता राष्ट्रहरू पनि स्वतन्त्र भएका थिए । यी सबै राष्ट्रहरू अविकसित तथा गरिबीको चरमरूप झेली रहेका थिए । तर नेपाल अहिलेसम्म पनि गरिब र अविकसित राष्ट्र रहेको छ । नेपाल प्राकृतिक स्रोतमा अत्यधिक समृद्ध भए पनि गरिबतम् देशहरूको पक्तिमा उभिएको छ । निरन्तर मानव स्रोत विदेशमा पलायन भइरहेको छ तर सँगसँगै व्यवस्था र केहीको स्वतन्त्रता पाएकामाथि उल्लेखित राष्ट्रहरू भने समृद्धिको चरममा छन् ।

सिंगापुर, ताईवान, कोरियाजस्ता राष्ट्रहरू अति विकसित राष्ट्रको श्रेणीमा उक्लिएका छन् भने चीन र भारत त विश्वको दोस्रो ठूलो र चौथो ठूलो अर्थव्यवस्थाको रूपमा स्थापित भएका छन् । भियतनाम र इन्डोनेसिया उच्च मध्यम आय भएको राष्ट्रको रूपमा दरिएका छन् । इथियोपिया र रूवाण्डाजस्ता गृहयुद्धले थलिएका राष्ट्रहरू पनि समृद्धि र विकासको सिँडी उच्च गतिमा चढिरहेका छन् । झन् रूवाण्डा त अफ्रिकाको सिंगापुर भन्ने उपनामले नै परिचित भइसकेको छ । यस्तो, परिस्थितिमा पनि किन नेपाल अझै अन्य अविकसित र गरिबीको दुष्चक्रमा परेको राष्ट्रको रूपमा नै रहेको छ । किन नेपाल अझै पनि सबै जनावरहरूलाई गास, वास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारीजस्तो न्यूनतम मानवीय आवश्यकताहरू पूरा गर्न नसक्ने अवस्थामा छ ? किन नेपालीहरू संसारकै गरिब राष्ट्रका नागरिक भनी अपमानित र लज्जित हुन परिरहेको छ ? के यो गरिबी नेपाल र नेपालीको नियति नै हो त ? अवश्य होइन, कदापी होइन । नेपाल प्राकृतिक संसाधनले भरिपूर्ण देश हो । ५५ प्रतिशतभन्दा बढी युवा जनशक्तिको भरि पूर्ण देश हो । यहाँ विकास र समृद्धिको असीमित सम्भावना छ । तर तल उल्लेखित विविध कारण र पात्रहरूले गर्दा नेपाल अझै गरिबतम दरिद्र राष्ट्रको रूपमा रहेको छ । हाम्रो गरिबीको सूत्रधार कारकहरूको विश्लेषण गर्दा निम्न देखिन आउँछ ।

दलाल राजनैतिक दलहरू र यसका अधम र भष्ट नेताहरू नेपालका कांग्रेस, एमाले, माओवादी, मधेशवादीजस्ता राजनीतिक दलहरू विदेशीको इसारा र लगानीमा विदेशीको एजेण्डालाई स्थापित गराउन खोलिएका हुन् । किनकि सत्ताको रस्साकसीबाहेक यिनीहरूसँग देशलाई समृद्ध र विकसित बनाउने कुनै आर्थिक एजेण्डा छैन । यिनीहरूसँग विकासको लागि चाहिने ठोस पूर्वाधार, लगानी, शिक्षा, उद्योग नीतिहरू छैन । यीसँग त केबल आफू कसरी सत्तामा जाने कसरी बढीभन्दा बढी भ्रष्टाचार गरी देश लुट्ने भन्ने नीति मात्र छ । यी दलका नेताहरू र पढेका त छन् । तर न योग्य छन्, न विज्ञ छन् । यिनीहरूले प्रजातन्त्र भने पनि समाजवाद भने पनि यिनीहरूले नेपालमा नवउदार वाद लागू गरी देशलाई केही देशीविदेशी पुँजीवादीहरूलाई बचेका छन् । साँच्चै भन्ने हो भने यी भ्रष्टाचारी नेताहरूले नेपालमा अधमवाद लागू गरेका छन् । देशको विकासमा गेम चेन्जर अधमवाद लागू गरेका छन् । देशको विकासमा गेम चेन्जर गर्न सक्ने कर्णाली, कोशी, बुढीगण्डकीजस्ता जलाशययुक्त विद्युतीय परियोजनाहरू, निजगढ एयरपोर्ट, पूर्व–पश्चिम तथा केरूङ काठमाडौंजस्ता रेलका परियोजनाहरू सुरूङ मार्गको निर्माणका परियोजनामा न यी राजनीतिक दलहरूको कुनै ठोस पर्यटन नीति छ, न त कृषि र उद्योग नीति नै छ । विज्ञान र प्रविधिसम्बन्धी नीति अयोग्य अपठित र अधम नेताहरूसँग केवल कसरी भ्रष्टाचार गर्ने ? कसरी सत्तामा पुग्ने, कसरी विदेशीको दलाली गरी आफूहरूले लुटेको सम्पत्ति विदेशमा राख्ने भन्ने षड्यन्त्र मात्र छन् । आज नेपाल र नेपालीको मध्ययुगीन आर्थिक र सामाजिक दूरावस्थाका प्रमुख कारक नै यी राजनीतिक दलहरू र यसका भ्रष्ट अधम नेताहरू हुन् । जबसम्म नेपाली राजनीतिमा यस्ता दलहरू र यिनका नेताहरू हाबी हुन्छन्, नेपाल सधैँ अविकसित हुन्छ, नेपाली सधैँ गरिब हुन्छन् । त्यसैले यी राजनीतिक दल र यसका नेताहरूलाई नेपाली राजनीतिबाट सधैँको लागि बिदा गरी योग्य, शिक्षित, विज्ञ र भिजन भएका दलहरूको आवश्यकता भएको छ । अनी मात्र देश छिटो समयमा नै विकासित र समृद्ध हुन सक्छ ।

भ्रष्ट, दलाल र अयोग्य कर्मचारीतन्त्र : नेपाली कर्मचारीतन्त्र दोस्रो/तेस्रो दर्जाको दिमाग भएका व्यक्तिहरूले भरिपूर्ण छ । किनकि पहिलो र दोस्रो दिमाग भएका व्यक्तिहरू विज्ञान वा म्यानेजमेन्ट पढेर डाक्टर, इन्जिनियर पाइलट, बैङ्किङ व्यवसायमा गएका हुन्छन् । तर यी तेस्रोस्तरका दिमाग भएकाहरू सगरमाथाको उचाइ, महासागर को गहिराइ, भूतकालका घटना, ताई न तुईको निबन्ध लेखेर तथाकथित उत्तीर्ण भई कर्मचारीतन्त्रमा घुस्छन् । यिनीहरू सँग न कुनै भिजन हुन्छ, न त कुनै विशेष योग्यता । यी त खाली वाहियात गफ गर्न जान्ने आफू तेस्रोस्तरको भएको कुन्ठाले ग्रसित कुनै महत्वाकांक्षा नभएको, कसरी नेताको दलाली गर्ने, कसरी भ्रष्टाचार गरी अकुत सम्पत्ति कुम्ल्याउने भन्ने ध्यानमै हुन्छन् । आफ्नो प्रमोसन र कमाउने ठाउँमा सरूवा हुन् । यी नेताहरूको दलाली गर्ने नेताको गलत कुराहरूमा हो हो सहि हो भनी खुसामद गर्ने स्वाभिमान रतिभर नभएका अयोग्यहरू नै नेपालको कर्मचारीतन्त्रका अंगहरू हुन् । यस्ता अयोग्य र निर्णय क्षमता नभएका जमातहरू नेतालाई पनि कसरी भ्रष्टाचार गर्ने र पछि कसरी नफस्ने भनी सिकाउने राष्ट्रघातीहरू हुन् । आफ्नो लागि फाइदा हुन्छ भने यी कर्मचारीतन्त्र जस्तोसुकै भ्रष्टाचार र राष्ट्रद्रोह गर्न पनि पछि पर्दैन । यो तन्त्रले देशको निर्माणका लागि तय गरिएको परियोजनाहरूमा विनियोजित बजेट खर्च गर्न पनि सक्दैन र सकेको छैन । यहि यिनीहरूको अक्षमता र अयोग्यताले गर्दा नै विकासका परियोजना समयमा नै पूरा नहुने, परियोजनाको लागत बढ्ने, नेता र ठेकेदारहरूसँग मिलोमतो गरी ठूलो रकम भेटिएलानको नाममा ठेकेदारलाई दिलाई कमिसन मन्त्री र आफूले खाने वर्ग नै यिनीहरू छन् । विकास र निर्माणका परियोजनाका दुस्मन र अवरोधक नै यिनीहरू हुन् । देशको विकासलाई अवरूद्ध गर्ने तत्वहरू नै यहि कर्मचारीतन्त्र हो । यदि काहीँ भ्रष्टाचारको मुद्दा लाग्यो भने सबै दोषजति नेपाली नेताहरूलाई लगाई पानीमाथि ओभानो हुनेचाहिँ वर्ग हो । अझ सेवानिवृत्त भएपछि त यो वर्ग सबैभन्दा चोखो र विकासवादी हुँ भन्ने पाखण्ड देखाउँछ । कस्तो हास्यास्पद यो यिनीहरूको नकचरापनको उदाहरण हो । जबसम्म यस्तो कर्मचारीतन्त्रको भायाकल्प नगरी प्रथमस्तरको दिमाग भएको सक्षम जनशक्ति भएको व्यक्तिलाई कर्मचारीतन्त्रमा ल्याउँदैन तबसम्म देशको विकास र समृद्धि हुन सक्दैन । वैदेशिक चलखेल र एनजीओ आईएनजीओ धेरै समय पहिलेदेखि अहिलेसम्म नेपाली राजनीतिमा वैदेशिक चलखेल भइरहेको छ । त्यस्तै, सामाजिक जीवनमा आईएनजीओ र एनजीओको चलखेल भइरहेको छ । नेपालका तथा कथित कान्तिहरू विशेषगरी माओवादी हत्याराहरूको तथा कथित जनयुद्ध त्यसको परिणामअनुसार त्यही विदेशी चलखेलको आधारमा आएको हो । सरकार फेर्ने र गिराउने ठूला विकास र निर्माणका परियोजना लागू तथा चलखेलले गर्दा भएको हो । केही वर्षअगाडिदेखि नै एनजीओ र आईएनजीओहरू नेपालमा सामाजिक सद्भाव बिगार्न लागिरहेका छन् ।

हालसालै धरान भएको गोरू काट्ने घटना त्यसपछि विस्तारित परिस्थिति उब्जाउने यिनै आईएनजीओ हुन् । नेपालमा अस्थिरता निम्त्याई, जातीय र धार्मिक युद्धको स्थिति उत्पन्न गरी नेपाललाई समृद्धि र विकासको बाटोमा अगाडि बढ्न नदिने यहि विदेशी चलखेलले गर्दा भएको हो । तसर्थ, नेपालले विकास र समृद्धिको लागि तत्काल विदेशी चलखेल बन्द गरी एनजीयो र आईएनजीओहरूलाई प्रतिबन्ध गरी अगाडि नबढ्ने हो भने नेपाल कहिल्यै समृद्ध बन्न सक्दैनन् । यो नाङ्गो सत्य हो । तथा कथित दलाल बुद्धिजीवी तथा कथित दलाल बुद्धिजीवीहरू विदेशीको हुण्डी खाएर जातीय राज्य, संघीयता, धर्मनिरपेक्षता, एमसीसी गणतन्त्र समर्थन गर्दै लेख र चनाहरू प्रकाशित गर्ने, टिभी डिबेटमा सामेल हुनेजस्ता कार्यहरू गरिरहेछन् । वातावरणको नयाँ र बढी खर्च हुने ठाउँमा केरूङ–काठमाडौं रेलमार्ग निजगढ एयरपोर्ट ठूलाठूला जलाशययुक्त परि योजनाहरू निर्माणको विरोध गरिरहेका छन् । यी विदेशीका दलाल तथा कथित बुद्धिजीवीहरूलाई नेपालको भौगोलिक अखण्डता पनि प्यारो छैन । यसको उदाहरण त लिपुलेक, लिम्पियाधुरा र कालापानी नेपालको नक्सामा गाभिएकोमा यिनीहरूको आपत्तिले नै प्रष्ट हुन्छ ।

*बाँकी पृष्ठ ३ मा*

## औषधि प्रयोगका कुरा जानीराखौंः

# आफूखुसी फ्लेक्सन खान्छौं

सामान्य दुखाई, ज्वरो, कमजोरीमा प्रायले खोज्ने औषधि हो, फ्लेक्सन । शरीर केही बिसञ्चो भयो कि त हामी फ्लेक्सन खान हतारिन्छौं ।

यसका लागि न हामीलाई चिकित्सकको प्रेस्किप्सन चाहिन्छ, न त्यसको मात्राबारे जानकारी नै । मनोमानी ढंगले खाने प्रवृत्ति व्यापक छ । खासमा फ्लेक्सन के हो ? यसले कसरी काम गर्छ ? यो कति मात्रामा खानुपर्छ ? सामान्य ज्ञान हुनैपर्छ ।




### फ्लेक्सन के हो ?

यो पारासिटामोल र आइबुप्रोफिन दुई वटा औषधिको संयोजन हो । हुन त यी दुबै औषधि छुटाछुटै खाँदा पनि हुन्छ । तर, मिलाएर खाँदा यो थप प्रभावकारी हुन्छ, जसलाई मेडिकल भाषामा सिर्नजेटिक इफेक्ट भनिन्छ ।

### यसले के काम गर्छ ?

यो औषधिमा पारासिटामोल र आइबुप्रोफिन दुबैको काम गर्ने गुण हुन्छ । पारासिटामोलले दुखाई, ज्वरो कम गर्छ । आइबुप्रोफिनले ढाड दुखाई, सुन्निएको र संक्रमण कम गर्छ ।

### कस्तो अवस्थामा खान हुँदैन ?

भाइरल ज्वरोमा यसको प्रयोग गर्न मिल्दैन । जस्तै डेंगी भएको बेला फ्लेक्सन खानै हुँदैन । किनभने यसको प्रयोगले र गतमा प्लेट वृद्धिमा अवरोध गर्छ ।

### फ्लेक्सन कति खाने, कसरी खाने ?

खासमा फ्लेक्सन कुनै पनि रोगको लागि सिफारिस गरिदैन । यदि खानै परेमा पनि खाना खाइसकेपछि दिनको तीन पटक खान सकिन्छ । तर यो नियमित खाइरहनु हुँदैन । चिकित्सकको सल्लाह अनुसार एक–दुई दिनसम्म मात्र खान सकिन्छ । अहिले जसरी मान्छेले मनोमानी ढंगले खाइरहेका छन्, त्यसले भोलिका दिनमा जटिल समस्या निम्त्याउन सक्छ ।

### बच्चालाई पनि फ्लेक्सन खुवाउन सकिन्छ ?

बच्चालाई फ्लेक्सन खुवाउँनु हुँदैन । यसको प्रयोगले बच्चाहरूमा मिर्गौलाको समस्या हुनसक्छ । बच्चाले मात्र होइन, अन्यले पनि मनोमानी यसको प्रयोग गर्दा हानि गर्छ ।

### अन्य औषधि खाइरहेकालाई फ्लेक्सन खुवाउँदा के हुन्छ ?

चिकित्सकको निगरानीमा खाएको छ भने सल्लाह अनुरूप खान सकिन्छ । जस्तै वाथ रोग, हड्डी वा जोर्नी दुख्ने समस्यामा चिकित्सकले बिरामीको अवस्था हेरेर यो औषधि दिइन्छ । तर भने यत्तिकै खान हुँदैन ।

मिर्गौलाको समस्या, उच्च रक्तचाप, मधुमेह वा मुटुको बिरामी भएकाले खान मिल्दैन । यसले झन जटिलता ल्याउन सक्छ । त्यसैले अन्य रोगको समस्या भएमा चिकित्सकलाई देखाएर खानु उचित हुन्छ ।

### फ्लेक्सनले गर्ने हानि के के हुनसक्छ ?

ग्याष्ट्रिक गराउँछ । शरीर सुन्निने समस्या हुनसक्छ । मिर्गौलालाई कमजोर बनाउन सक्छ । यदि एकै पटक धेरै मात्रामा खाइएमा ज्यानै जान सक्छ ।




# नेपालको विकास र ..... .. .. . . .

यसरी यी भ्रष्ट विदेशीको हुण्डी खाई नेपालका विकास निर्माण परियोजनाका विरोध गर्ने तथाकथित बुद्धिजीवी भनाउँदाहरूले नै नेपाल र नेपालीको विकास र समृद्धिको बाटो अवरूद्ध गर्ने कुतत्वहरू हुन् । जबसम्म यिनीहरूलाई राष्ट्रघाती भनेर जेलमा कोचेर सजाय दिइँदैन, तबसम्म हाम्रो देश विकास र समृद्धिको बाटोमा अगाडि बढ्न सक्दैन ।

**भ्रष्ट पित पत्रकारिता र पत्रकार :** नेपालमा पत्रिका र पत्रकारिताको स्तर ज्यादै निम्न छ । अधिकांश पत्रकारहरू अपठित र अयोग्य छन् । सानो रकमको लागि पनि यी पित पत्रकारहरू देशको अस्मिता र आर्थिक समृद्धिको बाटो रोक्न पछि पर्दैनन् । पहिलाको लागि यी पित पत्रकारहरू जातीय राज्य सर्मथक, धर्म निरपेक्षताका हिमायतीहरूको महिमा मण्डित गर्छन् । यिनीहरूलाई मिडिया कभरेज दिँदैनन् । यी बिकाउ पत्रकारहरू आङकाजी, बाबुराम, प्रचण्ड, सिकेलाल, कृष्ण पहाडी, सुवोध प्याकुरेजजस्ता नेपाल विरोधीलाई ठूलो कभरेज दिई हिरो बनाई विदेशीले दिएको डलर डकार्छन् । तर पी खरेल, भरत दहाल, प्रेम कैदी, प्रेम बस्न्यात, स्वागत नेपाल, फणीन्द्र नेपाल, बालेन शाहजस्ता राष्ट्रप्रेमीहरूको कुनै कभरेज गदैनन् । उनीहरूको न्युजलाई निषेध गर्दछन् । यी पित पत्रकारहरू राष्ट्रघाती हुन्, देशका गद्दारहरू हुन् । विकास र समृद्धिका ठूला परियोजनाका विरोधी तथा कथित बुद्धिजीवीहरूलाई ठाउँ दिई यी परियोजनाहरू हुन नदिन भूमिका निर्वाह गर्छन् । यिनीहरू विदेशीको इशारामा नै केरूङ–काठमाडौं रेल निर्माणको विरोधमा खडा हुन्छन् । निजगढ एयरपोर्ट चाहिँदैन भन्छन् काठमाडौं तराई फास्ट इराकको विरोधमा उभिन्छन् । विगतमा जलविद्युत्को ठूलो भूमिका छ । हुँदाहुँदा यी निर्लज्जहरू नेपालको काठमाडौं संसारकै सबैभन्दा प्रदूषित र फोहोर सहर हो भनी प्रचार गरी नेपालको पर्यटन व्यवसाय नै ध्वस्त पार्न विदेशीको इसारा र हुण्डी खाएर लागि परेका छन् । यी दलाल पित पत्रकारहरू नेपाल विकसित र समृद्धिको बाराका अवरोध हुन् । जबसम्म यिनीहरूलाई यिनको राष्ट्रघातको कसुरमा सजाय हुँदैन, तबसम्म नेपाल विकास र समृद्धिको यात्रा गर्न सक्दैन । यो नेपालको नाङ्गो यथार्थ हो ।

**बिचौलिया काला व्यापारी :** अधिकांश नेपाली व्यापारीहरू बिचौलिया छन् । यिनीहरू उद्योगधन्दा गर्दैनन्, विदेशबाट सामान ल्याएर परिस्थिति हेरी भ्रष्ट कर्मचारी र नेताहरूको संरक्षणमा कालाबजारी गर्छन् । यिनीहरू राष्ट्रलाई तिर्ने राजस्वमा छली गर्छन् । यिनीहरू तस्करीमा संलग्न भई आफ्ना राजनीतिक संरक्षण दलका नेताहरू र आफूहरूको ढुकुटी भर्छन् । यिनीहरू नेपालमा विकास र समृद्धिका बाधकहरू हुन्, किनकि सरकारको आम्दानी राजस्वका बाटो यिनीहरूले बन्द गर्दिन्छन् । जबसम्म यस्ता भ्रष्ट कालाबजारीया व्यापारीहरूलाई कडाभन्दा कडा कानुनी र सामाजिक सजाय दिइँदैन तबसम्म नेपाल विकसित र समृद्ध बन्दैन । यो हाम्रो कटु वास्तविकता हो ।

**संविधान :**

विदेशी आर्थिक सहयोगमा यी संविधान कसरी नेपालमा लागू भयो भन्ने त जगजाहेर नै छ । यी संविधान नै नेपालको राजनीतिमा अस्थिरता निम्त्याउने कारक मात्रै होइन, नेपालमा वैदेशिक लगानी रोक्ने प्रमुख बाधक बनेको छ । नेपालमा अथाह मात्रामा प्राकृतिक स्रोतहरू रहेको छ । ठूलो शिक्षित जनशक्ति पनि नेपालमा नै छ । तर नेपालसँग रहेका प्राकृतिक पुँजी र टेक्निकी छैन । पुँजी र तक्निकी नेपालले वैदेशिक लगानीको ल्याएर आफ्ना स्रोतहरू दोहन गरेमा मात्र सानो समयमा नै नेपाल प्रस्तावनामा नै समाजवादउन्मुख भन्ने लेखिएको छ । जसको कारणले गर्दा वैदेशिक लगानीकर्ताहरू नेपालमा लगानी गर्न डराउँछन् र लगानी गर्दैनन्।

वैदेशिक लगानीको अहिलेको स्थितिको प्रमुख कारक नै संविधानमा भएको त्यही राजनीतिक दल हो । यो संविधानमा उल्लेखित गणतन्त्र, संविधानको प्रस्तावनामा उल्लेखित समाजवादउन्मुख अर्थव्यवस्थाको विरोध गर्दैन । किनकि समाजवाद पनि अरू दलहरूभैं विदेशी शक्तिको गोटी बनी नेपाल सदैव गरिब, अल्पविकसित राष्ट्रको रूपमा नै रहोस् भन्ने चाहन्छ । यो अस्थिरता कारक र वैदेशिक लगानी हतोत्साहित गर्ने संविधान पनि नेपालको विकास र समृद्धिको सपनालाई मूर्तरूप तुल्याउने बाटोको अवरोध हो । जबसम्म यो संविधान लागू रहन्छ, तबसम्म नेपाल विकसित र समृद्ध हुन सक्दैन । यी अकाट्य सत्य हो । अब समयलाई सकेको छ, सम्पूर्ण नेपाली राष्ट्रप्रेमी जनता एकजुट भई अघि बढी माथि उल्लेखित अवरोधलाई निर्मूल गरेर विकास र समृद्धिको बाटोमा यात्रा गर्नै । यति गरेमा केबल पाँचदेखि १० वर्षभित्र नेपाल विकसित र समृद्ध राष्ट्र बन्नेछ । कुनै शंका छैन । कुनै संशय छैन ।

यो वर्षको समयमा झाडापखाला, आउँ, टाइफाइड जस्ता पानीजन्य रोगहरू लाग्न सक्ने ठूलो सम्भावना रहन्छ । त्यसैले, महामारी फैलनबाट बच्न र बचाउन पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।

पानी शुद्धिकरण गर्ने विधिहरूः
पानी धमिलो छ भने शुरुमा पानीलाई थिग्राएर छान्ने,
पानीलाई उमालेर मात्र पिउने,
उपलब्ध छ भने पानीलाई फिल्टर गर्ने,
पियुष वा आक्वा ट्याब्लेट राखेर शुद्धिकरण गर्ने ।

- पियुष प्रयोग गर्दा एक लिटर पानीमा एक थोपा पियुष भोल हाल्ने वा
- ३३ मिलिग्रामको आक्वा ट्याब्लेट प्रयोग गर्दा १० लिटर पानीमा एक चक्की आक्वा ट्याब्लेट हालेर राम्ररी घुलाउने ।
- पियुष वा आक्वा ट्याब्लेट हालेर पानीलाई राम्ररी सफा भाँडोले छोपेर आधा घण्टासम्म राखेपछि मात्र प्रयोग गर्ने ।




थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
स्वास्थ्य शाखा
थाहा नगर खानेपानी व्यवस्थापन बोर्ड २०७६

नगरौं विवाहका कुराः
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

# रैथाने हाटबजारमा धेरैको च्वाइस मकवानपुरगढीको 'कालिखोला कोदो पिठो'

◆ विकास संवाददाता

काठमाडौंको दरबार मार्ग ओरियन्ट क्याफेमा प्रत्येक शनिबार लाग्ने स्थानीय कृषि उत्पादन 'रैथानै हाटबजार' मेलामा ९ भाद्रमा मकवानपुरगढी गाउँपलिकाले पनि आफ्नो पालिका भित्र उत्पादन भएका विभिन्न रैथाने बालीको उत्पादन तथा सामाग्रीहरूको प्रदर्शनी तथा बिक्री गरेको छ । मकवानपुरगढीमा उत्पादन भएका रैथाने कृषि बालि कोदोको पिठो , बेसार , कोदोको दाना, लसुन, फापर, गेडागुडी तथा स्थानीय स्तरमा उत्पादन भएको बास, बेद र निगालोबाट बनेका हस्तकला सामाग्रीहरूको दरबार मार्गमा प्रदर्शनी तथा बित्री बितरण गरिएको हो । 'रैथाने कृषि हाटबजार' नाम दिइएको यो मेला प्रत्येक शनिबार बिहान ६ बजेदेखि दिउसो १२ बजेसम्म लाग्ने गर्छ ।

हाटबजारमा मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङतानले रैथाने बाली संरक्षण गर्नको लागि बागमती प्रदेशको राजधानी हेटौडामा पनि यस्तो बजारको आवश्यकता रहेको बताए । स्थानीय सरकारले अब कृषि क्षेत्रमा वितरणमुखी नभई उत्पादनमा जोडिनु पर्ने बताए । उनले नेपालको पहिचान र स्वास्थ्यको हिसाबले पनि




औषधिमय भएको यो रैथाने बालीहरू पछिल्लो समय मासिदै गएकोमा पनि चिन्ता व्यक्त गरे । हाट बजार सिधै किसान र उत्पादनसंगै जोडिएकाले देश भरिका सबै स्थानीय तहसम्म सञ्चालन गर्न पर्ने भएकाले अब तीनै तहको सरकाले यो कार्यमा अगाडी बढनुपर्ने बताए । रैथानेबाली गाउँका गरिबले खाने खानाको पहिचान बनेको तर, स्वास्थ्यका हिसाबले सबैभन्दा राम्रो स्थानीय रैथाने कृषि उत्पादन रहेको समेत बताए ।

'रैथाने हाटबजार' मेलामा मकवानपुरगढी गाउँपलिकाको सबैभन्दा बढी कालीखोला कोदोको पिठोको माग भएको थियो । गाउँ भन्दा सहरमा कोदोको पिठोको महत्वपूर्ण मानिएको र गाउँमा भन्दा सहरमा कोदोको महत्व बढी देखिएको मकवानपुरगढी गाउँपलिका कृषि शाखा प्रमुख चन्द्र कान्त चौधरीले बताए । पछिल्लो समय होटल, रेष्टुराँ र रिसोर्टमा समेत कोदोको ढिडोको माग बढ्दै गएपछि कोदो काठमाण्डौमा कोदोको पिठोको माग बढेको चौधरीको भनाइ थियो ।

# विश्वविद्यालयका लागि ५ करोड, कहाँ बन्ला विश्वविद्यालय ?

◆ विकास संवाददाता

बागमती प्रदेशले विश्व बिद्यालय स्थापना र सञ्चालनका लागि चालु आर्थिक वर्ष २०८०/०८१ का लागि ५ करोड रूपैयाँ बजेट विनियोजन गरेको छ । विश्व विद्यालय स्थापनाका लागि काम भैरहेको सामाजिक विकास मन्त्री कुमारी मुक्तानले जानकारी दिइन् ।

प्रदेश विश्वविद्यालयको कार्यालय अहिले सामाजिक विकास मन्त्रालयको भवनमा रहेपनि त्यसले आफ्ना काम सञ्चालन गर्दै गएको बताउँदै उनले भनिन्–'विश्व विद्यालय सञ्चालनका लागि अहिले प्रतिवेदन लेखनको काम भइरहेको छ । यही भदौ २३ गतेसम्म समितिले प्रतिवेदन बुझाएपछि काम द्रुत गतिमा अगाडी बढ्छ ।' बागमती प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तरगतको प्रदेश विश्व विद्यालयको कार्यालय उद्घाटनपछी यसका लागि काम पनि भइरहेका छन् ।

विश्व बिद्यालय कहानिर बनाउने भन्नेमा छलफलको काम पनि चलिरहेको मन्त्री मोक्तानले बताइन् । उच्च शिक्षाको विकासको लागि विश्वविद्यालयबाट काम गर्न लागिएको हो । बागमती प्रदेशले सार्वजनिक विश्वविद्यालय स्थापना गर्न धेरै पुँजी लगानी गर्नुपर्ने छ । सार्वजनिक विश्वविद्यालयको जताजतै क्याम्पसहरू नहुने तर अध्ययन अनुसन्धान केन्द्र, परीक्षा केन्द्र तथा सामुदायिक क्याम्पसहरू सदस्य हुन सक्ने व्यवस्था छ ।

बागमती प्रदेशको १३ जिल्लाको भूगोल, राजस्व आम्दानी, पढाईमा भएका खर्चहरू, पढाई हुन सक्ने पाठ्यक्रमहरू लगायतमा जिल्लैपिच्छे अध्ययन गरेर प्रतिवेदन तयार पारिदै छ ।

# थाहामा घरबाटै, घटना दर्ता

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाले सेवाग्राहीलाई सहज सुविधा प्रदान गर्न घरबाटै ब्यक्तिगत घटना दर्ताको फारम भर्ने भएको छ ।

वडा कार्यालय पुगेर लाइनमा बसी घटना दर्ता गरिने प्रक्रिया झन्झटिलो भएकाले सहज सुविधाका लागि अनलाइन मार्फत् यो सेवा बिस्तार गरिएको हो । अबदेखि जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाइँ सराई र सम्बन्ध बिच्छेद जस्ता ब्यक्तिगत घटना दर्ताका लागि घरबाटै अनलाइनमार्फत प्रक्रिया पूरा गरी फारम भर्ने र ३५ दिनभित्र सम्बन्धीत वडा कार्यालयमा टोकन नम्बर लिएर सम्पर्क गरी स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणपत्र लिन सकिने पालिकाले जनाएको छ ।


# थाहा नगरपालिका योजना कार्यान्वयनमा अघि बढ्यो !

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ का लागि स्वीकृत योजना कार्यान्वयनमा अघि बढेको छ । पालिकाले उपभोक्ता समिति मार्फत संचालन गर्ने १ सय ७८ योजनाका पदाअधिकारीहरूलाई अभिमुखीकरण गर्ने भएको छ ।

पालिकाले ७ भाद्रमा उपभोक्ता समितिका अध्यक्ष सचिव र कोषाध्यक्षको लागि अभिमुखीकरण गर्ने कार्यतालिका सार्वजनिक गरेको छ । कार्यतालिका अनुसार १७ देखि २४ भाद्रसम्म प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम संचालन हुनेछ ।

कार्यतालिका अनुसार वडा नम्बर १ र ६ मा १७ भाद्रमा, २, ३ र ४ नम्बर वडामा १८ भाद्रमा, ५ नम्बर वडामा १९ भाद्रमा, ७ नम्बरमा २० भाद्रमा, ८ नम्बरमा २१ भाद्र, २२ भाद्रमा ११ र १२ नम्बर वडामा तथा वडा नम्बर ९ र १० मा २४ भाद्रमा अभिमुखीकरण कार्यक्रम हुने भएको छ ।



योजना कार्यान्वयनको सम्पूर्ण विषयमा अभिमुखीकरण हुने प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले जानकारी दिए । उनले तोकिएको समय र स्थानमा सहभागी हुन समेत उपभोक्ता समितिका पदाअधिकारीलाई अनुरोध गरेका छन् ।

# पोषण कार्यक्रमको समिक्षा

◆ विकास संवाददाता

थाहा नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा दुईदिने पालिकास्तरीय वार्षिक समिक्षा कार्यक्रम ६ भाद्रमा सम्पनन भएको छ । कार्यक्रममा पोषणको सम्बन्धमा छलफल गरिएको हो ।

स्वास्थ्य शाखाबाट आर्थिक वर्ष २०७९/०८० संचालन भएको पोष सम्बन्धी कार्यक्रमको विषयमा छलफल भएको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए । कुपोषणको वर्गीकरण, बालबालिकामा पोषणको अवस्था, कुपोषणका कारण नेपालमा बाल मृत्युदर, पोषणको अवस्था सुधार गर्न थाहानगरमा भएका पहलहरू, पोषण बारे दीर्घकालिन सोच, लक्ष्य र उद्देश्यहरू, नगरस्तरीय पोषण समीतीको काम, कर्तब्य र अधिकार लगाएतका बारेमा कार्यक्रममा छलफल भएको थियो ।

सुआहाराले प्रवर्द्धन गरेका दश मुख्य ब्यवहारहरू, सुआहारा कार्यक्रमका आगामी योजनाहरू, पोषण सम्बन्धि सूचकहरूको अभिलेख एंव प्रतीवेदनको गुणस्तरको सुधार तथा चुनौतीहरू लगाएतका कार्यक्रममा जानकारी गराइएको बलामीले बताए । समिक्षा कार्यक्रममा थाहा नगरपालिका भित्र रहेका स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरूको प्रमुख तथा प्रतिनीधिहरूको उपस्तिथि रहेको थियो ।

# साहित्यकार तुल्सी थापाको निधन

◆ विकास संवाददाता

चितवनस्थित पुरानो मेडिकल कलेजमा उपचारको क्रममा साहित्यकार तुल्सी थापाको ७८ वर्षको उमेरमा शुक्रवार बिहान निधन भएको छ । साहित्यकार थापालाई निमोनिया, मधुमेह, र त्तचापसम्बन्धी समस्या थियो ।

साहित्यकार निमेष निखिलका अनुसार थापाको पार्थिव शरीर चितवनको देवघाट धाममा अन्तिम संस्कार गर्ने तयारी परिवारले गरेको छ । शनिबार देवघाटधाममा अन्तिम संस्कारका लागि हेटौंडाबाट ३ वटा बसमा सहभागी हुन जाने तयारी गरिएको साहित्य संगम मकवानपुरकी अध्यक्ष अनिता न्यौपानेले जानकारी दिइन् ।

मुटुसम्बन्धी समस्या भएका कारण पेसमेकर समेत जडान गरिएकोले पेसमेकर निकाल्न केही समय लाग्नेछ । शिक्षण पेशाबाट सेवानिवृत्त भएपछि थापाले साहित्य रचनामा विशेष योगदान दिएका छन् । थापाको दाना कविता संग्रह 'एक निमेष अनन्तको (२०५८)', 'अमर सिंहको खोजीमा अमर सिंह' (नाटक २०६१) र कथासंग्रह 'फरक आकाश' (२०७२) प्रकाशित छन् । थापाले कविता विधामा नयाँ दाना कविताको सुरूवात समेत गरेका थिए । थापा भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका पूर्वअध्यक्ष समेत हुन् । थापाले गोरखादक्षिणबाहु चौथो (२०४४), नारायणी वाङ्मय पुर स्कार (२०५८) सहित विभिन्न सम्मान प्राप्त गरेका थिए ।

थाहानगरस्थित जनकल्याण माविमा २०२७–२०३१ र २०३४–०३६ सम्म प्रधानाध्यापकको भूमिकामा काम गरेका थापाले हाल कैलाश गाउँपालिका नामटार स्थित कालिका माविमा पनि लामो समय प्रधानाध्यापकको जिम्मेवारी सम्हालेका थिए । चेपाङ भाषा तथा संस्कृतिमा पनि योगदान गरेका थापा हेटौंडा–११ का स्थायी बासिन्दा हुन् । शैक्षिक सुधारक, साहित्यिक ब्यक्तित्व, शालीन, मृदुभाषी, सरल स्वभावका, सबैका प्रिय तुल्सी थापा सरको देहावसानको खवरले दुखित बनाएको भन्दै दिवम्गत आत्माको चीर शान्तिको कामना गर्दै सामाजिक सञ्जालमा ब्यापक रूपमा श्रद्धाञ्जली अर्पण गरिएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# दामन बागवानीको फलफुलले बजार लिँदै

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगर पालिकाको दामनस्थित बागवानी नर्सरी केन्द्रमा यतिखेर स्याउलगायतका फलेका फलफूलले बजार लिएको छ । फलफूलका बिरूवाहरू उत्पादन गरी बिक्री वितरण गर्ने उद्देश्यले स्थापना भएको बागवानी नर्सरी केन्द्रमा फलफूलका बिरूवा मात्र होइन मौसमअनुसारका फलफूल उत्पादन हुँदै आएको छ ।

केन्द्रमा गोल्डेन, डेलिसियस, रेड डेलिसियस, फुजीलगायतका जातका स्याउसँगै आरूबखाडा, नास्पाती, आरू, किबीफल लगायतका फलमा विभिन्न जातका फलफूलका बोट छन् । केन्द्रबाट हाल स्याउ, आरूबखडा, नास्पाती र आरू उत्पादन गरी बजारमा बिक्री भइरहेको छ । केन्द्रका प्राविधिक समीर मगरका अनुसार किवीफल, हलुवावेद, ओखर र कटुस भने दशैंताका निस्कनेछ ।

उनले केन्द्रका उत्पादित फलफूल नर्सरीमा भ्रमणमा आउने र स्थानीयलाई बिक्री गर्दै आएको बताउँदै व्यावसायिक प्रयोजनका लागि भन्दा पनि कटिङ गरी बिरूवा बनाएर बिक्री गर्न संरक्षण गरिएका बोटबाट उत्पादन हुने फलफूल बिक्री गर्ने गरिएको बताए ।यो वर्ष स्याउ छ सय केजी, आरूबखडा दुई हजार पाँच सय केजी, नास्पाती दुई सय केजी उत्पादन हुने अनुमान छ ।




यस्तै पछि निस्कने किवीफल चार सय केजी, हलुवावेद दुई सय केजी, ओखर पाँच सय केजी र कटुस सय केजी उत्पादन हुने अनुमान गरिएको छ । केन्द्रमा उत्पादन भएको आरूबखडा मकवानपुरकै चित्लाङस्थित गट चिज होमस्टेमा वाइन बनाउन लगिएको छ। केन्द्रका प्राविधिक मगरले स्याउ सुरुमा प्रति केजी सय रूपियाँमा बिक्री गरि एकोमा पछिल्लो समयमा प्रति केजी १५० रूपियाँमा बिक्री हुँदै आएको छ ।

आरूबखडा प्रति केजी २०, नास्पाती प्रतिकेजी ३० र आरू प्रतिकेजी ३० रूपियाँमा केन्द्रले बिक्री गरेको प्राविधिक मगरले जानकारी दिए । केन्द्रबाट खरिद गरिएको स्याउ स्थानीय बजारमा प्रति केजी दुई सयदेखि तीन सय रूपियाँसम्ममा बिक्री हुने गरेको जनाइएको छ ।

दामन क्षेत्रमा बढी पानी पर्ने र हुस्सु बढी लाग्ने भएकोले अन्यत्रको भन्दा फलफूल कम स्वादिष्ट हुने बताउँदै उनले गत वर्षभन्दा यो वर्ष फलफूल बढी उत्पादन भएको सुनाए । गत आर्थिक वर्षमा केन्द्रले विभिन्न जातका गरी २६ हजार फलफूलका बिरूवा उत्पादन गर्ने लक्ष्य र ाखेकोमा २० हजार वटा उत्पादन भएर १० हजार मात्र बिक्री गरेको छ। केन्द्रले गत आर्थिक वर्षमा फलफूल र फलफूलका बिरूवा बिक्रीबाट १२ लाख रूपियाँ आम्दानी गरेको थियो ।

# बज्रवाराही चौरको सौन्दर्यीकरण थालियो



◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही चौरको सौन्दर्यीकरण थालिएको छ । उत्तरी मकवानपुरकै प्रसिद्ध मन्दिर बज्रवाराही मन्दिरसँगै रहेको चौरमा चाइनिज दुबो लगाइएको छ ।

थाहा नगरपालिका वडा नम्बर ६ को कार्यालयले आठ हजार वर्गफिट क्षेत्रफलमा चाइनिज दुबो लगाइएको हो । दुबो खरिद गरी स्थानीयको जनश्रमदानमा दुबो लगाइएको बताउँदै वडाध्यक्ष राजेन्द्रभक्त श्रेष्ठले चौरको आधा भागमा प्राकृतिक रैथाने दुबो रहेकाले त्यसलाई नै फैलने वातावरण निर्माण गरिने जानकारी दिए । दुबो लगाउन मात्र तीन लाख खर्च हुने देखिएको छ र तीन लाख रूपियाँ चौरको संरक्षण गर्न लागेको बताइएको छ ।

चौरमा अशोकलगायतका फूलका बिरूवा लगाएर चौरको सौन्दर्यीकरण गर्ने योजना रहेको उनले जानकारी दिए । बज्रवाराही मन्दिरमा हरेक तीन वर्षमा लाग्ने जात्रा भर्न आएकाहरू सोही चौरमा नै जम्मा भएर भजनकीर्तन र शुभकामना आदानप्रदान गर्छन् ।

# मकवानपुरमै पहिलो पटक थाहानगरमा फिल्म फेस्टिबल हुने

◆ विकास संवाददाता

मकवानपुर जिल्लामै पहिलो पटक पर्यटकीय नगरी 'थाहा'मा फिल्म फेस्टिबल हुने भएको छ । 'पर्यटनका लागि फिल्म फेस्टिबल' भन्ने नाराकासाथ ९ देखि १५ मंसिरसम्म फिल्म फेस्टिबल हुने भएको हो । फेस्टिबलको विषयमा ९ भाद्रमा हेटौंडामा पत्रकार सम्मेलन गरी जानकारी गराइएको छ ।

थाहा कला केन्द्रले आयोजना गर्ने फिल्म फेस्टिबलमा बागमती प्रदेशको सस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय र थाहा नगरपालिकाको प्रत्यक्ष सहभागिता रहने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लगलगायत छायांकनस्थल विकास तथा प्रचार गर्ने, नगरपालिकाका मुख्य पर्यटकीय क्षेत्र पहिचान गरी फेस्टिबलमा आउने चलचित्रकर्मीबीच प्रचार गर्ने र चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो क्षेत्रका अनुभवी कलाकारलाई थाहानगर बारे जानकारी गराउने उद्देश्यले फिल्म फेस्टिबल आयोजना गर्न लागिएको आयोजक कला केन्द्रका अध्यक्ष सानुबाबु मोक्तानले जानकारी दिए ।



फिल्म फेस्टिबकै अवसरमा पर्यटन प्रवर्द्धन हुने खालका तस्वीर कार्यक्रम स्थलमा राखेर अवलोकनमा आकिर्षत गराउने, चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो, भ्लगलगायत निर्माता, निर्देशक, कलाकार तथा निर्माण पक्षलाई पालिकासंग पारस्परिक गराउन प्रयास गर्ने र चलचित्र, लघु चलचित्र, म्युजिक भिडियो निर्माता, निर्देशक तथा निर्माण समूहसग विशेष अन्तर्क्रिया गर्ने अध्यक्ष मोक्तानले बताए । फेस्टिबलले थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धनमा थप टेवा पुग्नेमा कार्यक्रम संयोजक प्रमोदकृष्ण जोशीले पत्रकार सम्मेलनमा जानकारी गराए । कलाकेन्द्रका अध्यक्ष मोक्तानले भने-'फिल्म फेस्टिबलमा विभिन्न समूहको सहभागिताबाट आएका सामग्रीबाट पनि छानिएका डकुमेन्ट्री, फिचरफिल्म र सर्ट फिल्म प्रदर्शन हुने भएकाले छुट्टै पहिचान ल्याउन सक्नेमा हामी विश्वस्त छौं ।'

फिल्म फिस्टिबलको २७ लाख बढी लागत अनुमान गरिएको कार्यक्रम उपसंयोजक राजिव स्याङतानले जानकारी दिए । पत्रकार सम्मेलनमा थाहा नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष हिरेन्द्र रायमाझी, नेपाल पत्रकार महासंघ मकवानपुरका अध्यक्ष मणीराज गौतम, थाहा नगरपालिकाका कुमार नेगीलगायतको उपस्थित रहेको थियो । थाहानगर पर्यटनको प्रचुर सम्भावना रहेको क्षेत्र हो ।

# पालुङको सम्पदालाई 'प्लाष्टिकको छानो'



◆ विकास संवाददाता

थाहानगरको निर्माण अपुरो भएको फल्चा संरक्षणका लागि स्थानीय युवाहरूले प्लाष्टिकले छोपेर राखेका छन् । थाहा नगरपालिका वडा नम्बर २ पालुङ शहर को डबलीमा रहेको ऐतिहाँसिक सम्पदा 'लाम्पाटी' (फल्चा) निर्माणको क्रममा अपुरो भएपछि स्थानीय युवाहरूले प्लाष्टीकले छाएका हुन् ।

बागमती प्रदेश पर्यटन विकास आयोजना समेतको सहयोगमा अघिल्लो आर्थिक वर्ष फल्चाको निर्माण गरिएको भएपनि छानो हाल्ने बजेट अभावमा र हेको थियो । अपुरो सम्पदालाई बजेट विनियोजन गर्नका लागि प्रदेश र पालिका सरकारसंग पहल गरेको भएपनि चालु आर्थिक वर्षका लागि कुनैपनि निकायबाट बजेट विनियोजन नभएपछि बनेको संर चना संरक्षणका लागि युवाहरूले प्लाष्टीकले छाएका हुन् । संरचना अपुरो भएपछि स्थानीय निरोज प्रधानले सरकारलाई इङ्कित गर्दै भने-'सबैले देखेको स्थानीय सरकारले नदेखेको फल्चा ।'

ऐतिहासिक उक्त सम्पदा थाहा नगर पालिका वडा नम्बर २ को आँगतनसंगै जोडिएको छ । यहाँ नेवारी परम्परा अनुसार भजन तथा अन्य साँस्कृतिक क्रियाकलाप हुने गरेको छ । फल्चासंगैको २ वटा ढुङ्गे धारा भने बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट यसअघि पुर्ननिर्माण भएको छ ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

जि.प्र.का. मकवानपुर दर्ता नं. ५५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# कराँते संघ बज्रवाराहीको अध्यक्षमा बलामी

◆ विकास संवाददाता

नेपाल सितोरियो करातेको थाहानगर समिति गठन भएको छ । बुधवार थाहाको चित्लाङमा बसेको भेलाले रोशन बलामीको अध्यक्षतामा १५ सदस्यीय नगर कमिटी गठन गरेको हो। समितिको उपाध्यक्षमा किरणकुमार बलामी, सचिवमा सुरेन्द्र थापामगर, कोषाध्यक्षमा सम्राट बलामी र सहसचिव बबिता बलामी चयन भएका हुन् ।

सदस्यहरूमा राजन बलामी, नीरन्जन घोले, कविन्द्र बलामी, सबिता बलामी, सुमित स्याङ्तान, गौरव थापामगर, ईश्वर बलामी, राजमान घलान, प्रतिमा बलामी र राजकुमार हम्वा चयन भएका छन् । भेलाले पाँच जनालाई जिल्ला प्रतिनिधि समेत चयन गरेको छ । रोशन बलामी, सुरेन्द्र



थापामगर, बबिता बलामी, नीरन्जन घोले र किरणकुमार बलामीलाई जिल्ला प्रतिनिधि चुनिएको नवगठित समितिका सचिव सुरेन्द्र थापा मगरले जानकारी दिए ।

समितिले संरक्षकमा महेन्द्र बलामी र सल्लाहकारमा वडा न ९ का अध्यक्ष राजकुमार बलामी र वडा न ६ का अध्यक्ष राजेन्द्रभक्त श्रेष्ठलाई चयन गरेको छ ।


## सार्वजनिक सेवा र कार्यमा सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

*"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# थाहानगरमा कृषि .... .. . . .

प्रतिशत अनुदानमै १ हजार ९२६ किलो कृषकलाई उपलब्ध गरायो । नगरपालिकाले तरकारी बाली पकेट विकास कार्यक्रमअनतर्गत वडा नम्बर २ का कृषक समूहलाई गत वर्ष १२ लाख रूपैयाँ अनुदान दिएको थियो । यो अनुदान रकमबाट यहाँका कृषकले १४० रोपनी जमिनमा कृषि बाली लगाए । वाली पूर्वाधारका लागि नगरपालिकाले १२ लाख र सम्वन्धित वडाले ४ लाख अनुदान थपेपछि वडावासीले २८ लाख रूपैयाँ लागतमा तरकारी खेतीका लागि आवश्यक पूर्वाधार निर्माण गरेर खेती थाले । जसको परिणामास्वरूप ती वडाका कृषकले मनग्य आम्दानी मात्र गरेनन्, पालिकाको अनुदानलाई सही ठाउँमा सदुयोग गरेर देखाइदिए ।

तरकारी खेतीमा मात्र होइन नगरपालिकाले फलफूलका विरूवामा समेत अनुदान दिने गरेको छ । नगरपालिकाले बितरण गरेको ५९० बोट किवी, ४५० वोट जापानिज हलुवाबेद, २६५ बोट ओखर, ८२५ वोट एभोकाडो र २ हजार ७३६ बोट कागतीका विरूवा थाहा नगरका कृषकका बारीमा हुर्कदै छन् । अर्का २ देखि ५ वर्षभित्रमा यी विरूवाले पर्याप्त फल दिन थाल्नेछन् ।

कृषि उत्पादनमा अनुदानको बाढी लगाएको थाहा नगरपालिकाले अनुदानको सदुपयोग भए नभएको नियमित अनुगमन पनि गर्छ । अनुगमनका लागि प्राविधिकहरूको टोली हरबखत कृषकका बारी र खेतमा पुगिरहन्छ । अनुगमन टोलीले अनुदानको सही सदुपयोग भएको प्राविधिक रिपोर्ट दिएपछि मात्र कृषकले अनुदानवरावरको रकम भुक्तानी पाउँछन् । र यस्तो पेमेन्ट नगरले नगदमा दिदा दुरूपयोग हुने भन्दै इपेमेन्ट मात्र गर्ने गरेको छ । यसो भएपछि कुनै एक व्यक्तिले मात्र लाभ लिन र अन्य कृषक मर्कामा पर्ने सम्भावना पनि नहुने नगरपालिकाको भनाइ छ ।

नगरपालिकाले कृषि पेशामा संलग्न कृषकलाई बारम्वार तालिमहरू समेत दिने गरेको छ । २५ जना कृषकले भर्खरै फर्टिलाइजेसन तालिम पाएका छन् । ३ दिने यो तालिम २ चरणमा भयो । आलु खेती कसरी गर्ने भन्ने तालिम पनि नगरपालिकाले बेला बेलामा सञ्चालन गर्ने गर्छ । नगरपालिकाले तरकारी खेतीसम्वन्धि विभिन्न तालिम उपलब्ध गर इरहेको छ । नगरको कृषि शाखाका अनुसार तर कारी खेती प्रवर्द्धन कार्यक्रम मार्फत कृषकहरूले यसता तालिमको अवसर पाउँछन् । मकै खेती



प्रर्वद्धन कार्यक्रममार्फत तालिम र अनुदान दिइर हेको नगरभित्र कुरिलो खेती प्रर्वद्धन कार्यक्रम भने प्रदेश सरकारको बजेटमा सञ्चालनमा छ । १ हजार भन्दा वढी कृषक समूह पालिकामा सक्रिय हुँदा एक वर्षमा ५ हजार भन्दा वढी कृषकले प्रत्यक्ष अप्रत्यक्ष रूपमा पालिकाको अनुदानबाट लाभ लिएका छन् । यसवर्ष दूध उत्पादन गर्ने कृषकलाई हौस्याउन पालिकाले १० लाख रूपेयाँ बजेट छुट्याएको छ । यो रकम सवबैभन्दा वढी दूध उत्पादन गर्ने कृषक र समूहलाई अनुदानका रूपमा बाँढिने छ ।

५ रोपनी भन्दा माथिको जग्गामा सामूहिक टनेल खेती गर्ने कृषक समूहले यस वर्षबाट पालिकाको थप अनुदान पाउँदैछन् । पालिकाको प्रत्येक २/२ वटा कार्य क्षेत्र पर्ने गरी कृषि प्राविधिकहरू गाउँगाउँमै छन् । वडाकै प्राविधिकले किसानलाई सहजीकरण गर्दछन् । आवश्यक परे पालिकाको शाखाबाट पनि पुग्छन् । वडामै प्राविधिक किन राखिएको ? 'कृषिक नै कृषक बस्ने नगरपालिकामा किसानलाई सेवा नदिए कसरी विकास हुन्छ ?' प्रतिप्रश्न गर्दै नगर प्रमुख विष्टले भने–'हामी तरकारी निकासीबाट समेत कर संकलन गर्छौ त्यसैले हामीले किसानलाई प्राथमिकतामा राखी सेवा दिनै पर्छ हामी प्राविधिक जनशक्ती किसानको घरघरै पुऱ्याउँछौं ।'

थाहा नगरभित्र बसोवास गर्ने नागरिकका लागि नगरपालिकाको यस्ता कृषिमुखी कार्यक्रम लोकप्रिय मात्र होइन अन्य पालिकाका लागि अनुकरणयोग्य पनि हुने देखिन्छ ।


## कृषकहरुका लागि जनहितमा जारी सन्देश




- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर






**थाहा नगरपालिका**


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी